# बूढानीलकण्ठ नगरपालिका

## बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड : ०३ | सङ्ख्याः ०३ | मिति : २०७७/१०/२१

**भाग–१**

## बूढानीलकण्ठ नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम बूढानीलकण्ठ नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

बूढानीलकण्ठ नगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक,निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाको सातौं नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "बूढानीलकण्ठ नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिकालाई सम्झनुपर्छ ।

ख. "ऐन" भन्नाले बूढानीलकण्ठ नगरपालिकाको नगरसभाले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनुपर्छ ।

ग. "कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

घ. "कोष" भन्नाले ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

ङ. "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश,जनावर आतङ्क, खानि, हवाई, सडक, वा औधोगिक दुर्घटना, आगलागी, डढेलो, विषादि, ग्यास, रसायन वाविकिरण चुहावट, ग्याँस विष्फोटन, विषादि खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ ।

च. "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

छ. "तोकिएको" वा तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनुपर्छ ।

ज. "नगर प्रमुख" भन्नाले बूढानीलकण्ठ नगर कार्यपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

झ. "नगर उप-प्रमुख" भन्नाले बूढानीलकण्ठ नगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनुपर्छ ।

ञ. "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ ।

ट. "प्रदेश विपद् व्यवस्थापन परिषद" भन्नाले सङ्घीय ऐनको दफा ४७ (क) बमोजिम प्रदेशमा गठन भएको परिषद् सम्झनुपर्छ ।

ठ. "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिम बागमती प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

ड. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ढ. "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुवान, खडेरी, आँधी, हुरीवतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो, आगलागी वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

ण. "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

त. "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण वा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

थ. "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

द. "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शव्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाईसमेत जनाउँछ ।

ध. "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षति न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ ।

न. "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

प. "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना, घट्ना साथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पुर्व तयारीलाईसमेत जनाउँछ ।

फ. "विपद् व्यवस्थापन" भन्नाले विपद् पूर्वतयारी, प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

ब. "व्यवसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्धेशीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

भ. "समिति" भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

म. "सङ्घीय ऐन" भन्नाले सङ्घीय सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनुपर्छ ।

य. "सङ्घीय मन्त्रालय" भन्नाले सङ्घीय सरकारको विपद् व्यवस्थापन वा अन्य विषय सम्बन्धित बिषय हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

र. "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानूनबमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य संस्था वा शैक्षिक संस्था सम्झनुपर्छ ।

ल. "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल,राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश प्रहरी वा नगर प्रहरी सम्झनुपर्छ ।

## परिच्छेद - २ प्रारम्भिक

नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. नगर विपद् व्यवस्थापन समितिः**

(१) विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकाअन्तर्गत एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ :-

क. नगर प्रमुख — अध्यक्ष

ख. नगर उप-प्रमुख — सदस्य

ग. विषयगत क्षेत्र, सम्बन्धित समिति वा कार्यदलका संयोजकहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना — सदस्य

घ. नगर प्रहरी प्रमुख — सदस्य

ङ. नगरमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख वा निजको प्रतिनीधि १/१ जना — सदस्य

च. वडा अध्यक्षहरूमध्येबाट नगर कार्यपालिकाबाट मनोनित १ जना — सदस्य

छ. वडा सदस्यहरूमध्येबाट नगर कार्यपालिकाबाट मनोनित कम्तिमा १ जना महिला सहित २ जना — सदस्य

ज. नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनीधि १ जना — सदस्य

झ. निजी क्षेत्रको उद्योगवाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनीधि १ जना — सदस्य

ञ. विपद् व्यवस्थापनमा काम गरेको गैरसरकारी संस्थाहरूमध्येबाट नगर कार्यपालिकाबाट मनोनित १ जना — सदस्य

ट. नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाबाट १, १ जना — सदस्य

ठ. प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

**४. समितिको बैठक सम्बन्धी व्यवस्थाः**

क. समितिको बैठक वर्षको कम्तिमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख. समितिको सदस्य सचिबले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूचीसहितको सूचना बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले सूचना पाउने गरी पठाउनुपर्नेछ ।

ग. समितिका एकाउन्न प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

घ. उपदफा (२) र (३) मा जेसुकै लेखिएको भए तापनि विपद्को घटना घटेमा वा तत्काल बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र कम्तिमा ४ जना सदस्यहरू उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

ङ. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

च. समितिको निर्णय सकेसम्म सर्वसम्मत् गर्नुपर्नेछ, सो हुन नसके बहुमतद्वारा हुनेछ, मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

छ. उपदफा (१) र (४) बमोजिम बैठकमा अध्यक्षले आवश्यक ठानेमा समितिमा नरहेका सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र निजहरूले बैठकमा अध्यक्षको अनुमति लिएर छलफलमा भाग लिन सक्नेछन् । तर, त्यस्तो आमन्त्रित प्रतिनीधिलाई बैठकको निर्णयमा वा मतदानमा मत दिने अधिकार हुनेछैन ।

ज. समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

झ. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्ने छ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(१) राष्ट्रिय परिषदवाट स्वीकृत नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन परिषद्बाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति र मापदण्डहरूको प्रतिकूल नहुने गरी नगरपालिकाको आवश्यकताअनुसार नगर विपद् व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यपालिकासमक्ष पेश गर्ने,

(२) नगर सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने/गराउने,

(३) नगरपालिकाबाट सञ्चालन हुने विपद् न्यूनीकरण र व्यवस्थापनसम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताब तयार गर्ने/गराउने,

(४) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानूनको अधीनमा रही सार्वजनिक, निजी, गैरसरकारीलगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्न लगाउने,

(५) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकासका लागि रणनीति, कार्ययोजना तयार गरी लागू गर्ने/गराउने,

(६) प्रकोप तथा बिपद् जोखिम र प्रभाब कम गर्न देहायका कार्यहरू गर्ने :

क. नगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरू पहिचान गरी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न आवश्यक निर्देशिका, कार्यबिधि, मापदण्ड, योजना बनाई नगर कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने/गराउने,

ख. प्रकोप तथा विपद् जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थानको नक्साङ्कन गर्ने/गराउने,

ग. नगर कार्यपालिकालाई जोखिम संवेदनशील विकास तथा भू-उपयोग योजना तयार गर्न र कार्यान्वयन गर्न/गराउन सहयोग गर्ने,

घ. सार्वजनिक पूर्वाधारसम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्ककन गर्ने/गराउने,

ङ. नगर कार्यपालिकासँग समन्वय गरी नदी किनार, बगर, कटान र डुवान हुने क्षेत्र वा विपद् जोखिम भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने/गराउने,

च. विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय,असाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने/गराउने,

छ. प्रकोप तथा विपद् जोखिम न्यूनीकरण र स्थानीयस्तरमा अवलम्बन गर्न सकिने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसम्बन्धी ज्ञान, शीप अभिबृद्धिका सामग्रीहरू निर्माण तथा सचेतनामूलक कार्यक्रमहरू बनाई सञ्चालन गर्ने/गराउने,

ज. सार्वजनिक, व्यक्तिगत वा व्यवसायिक भवन निर्माण गर्दा नेपालको राष्ट्रिय भवन संहितालगायत अन्य स्वीकृत निर्देशिका, मापदण्डको पालना गर्ने/गराउने,

झ. सार्वजनिक पूर्वाधार संरचना निर्माण तथा सेवा सञ्चालनसम्बन्धी संरचना निर्माण गर्दा सङ्घीय सरकारबाट स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउन साथै आवश्यक भएमा थप निर्देशिका वा मापदण्ड तयार गरी लागु गर्न/गराउन कार्यपालिकालाई सहयोग गर्ने,

नोटः पूर्वाधार संरचना भन्नाले खानेपानी, सिंचाई, सडक, विद्युत संचार,अस्पताल तथा तिनीहरूबाट उपलब्ध हुने सेवा आदि सम्झनुपर्छ ।

ञ. भौतिक पूर्वाधारसम्बन्धी संरचना निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय असर एवम् बिपद् जोखिम मूल्याङ्कन गर्ने/गराउने,

ट. सम्बन्धित निकाय र सरोकाार वालाहरूसँग समन्वय गरी विद्यालय तहको शैक्षिक पाठयक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्न आवश्यक सहयोग र समन्वय गर्ने,

ठ. कृषी, वन, पशु–पंक्षी पालन, उद्योग, व्यापार तथा वाणिज्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी लागू गर्ने/गराउने,

ड. विपद्को घटनामा हुने मानवीय, भौतिक अन्य सम्पत्तिमा भएका क्षतिको मूल्याङ्कन गर्ने संयन्त्रको विकास तथा आवश्यक क्षमता विकास गर्ने/गराउने,

ढ. विपद्को समय अवधिमा प्रयोग गर्न सुरक्षित खुला स्थल पहिचान, क्षमता मुल्याङ्कन, आवश्यकताअनुसार स्तरोन्नती गरी ती स्थानमा आश्रय गृह र सेवा सुविधाहरूको विकास गर्ने/गराउने,

(७) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि देहायका कार्यहरू गर्ने :

क. विपदका घटना हुने सम्भावना हुनासाथ र पूर्वानुमान संम्भव नहुने प्रकोपहरूमा घटना हुनासाथ विपद् प्रतिकार्य (खोज, उद्धार, क्षतिको द्रुत मूल्याङ्कन र तत्कालिन राहतका कार्यहरू) गर्न स्वतः परिचालित हुने संस्थागत संयन्त्र तयार गरी कार्यान्वयन गर्ने/गराउने,

ख. राहत सामग्री भण्डारणका लागि आवश्यक गोदामघरको व्यवस्था गरी सो को सञ्चालन गर्ने/गराउने,

घ. नगरस्तरको प्रकोप एवम् विपद् पूर्वसूचना प्रणालीको विकास र सञ्चालन गर्ने/गराउने साथै जिल्ला, प्रदेश एवम् राष्ट्रियस्तरको पूर्वसूचना प्रणालीमा पहुँच कायम गराउने,

ङ. नगरपालिका स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने/गराउने,

च. विपद प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने/गराउने,

छ. विपद्को समयमा वारूणयन्त्र, एम्बुलेन्स, डोजर लगायतका अन्य उपकरणहरू तत्काल खटाउने प्रबन्ध गर्ने/गराउने,

ज. विपद्को समयमा आमसञ्चार माध्यमहरूको भूमिकासम्बन्धी आवश्यक मापदण्ड कार्यान्वयन गर्ने/गराउने,

झ. आपत्कालीन अवस्थामा राहतसम्बन्धी सामग्री, सेवा र उपकरणहरू खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न नगरपालिका र सम्बन्धित निकाय, प्रतिष्ठान, व्यवसाय वा व्यक्तिहरू बीच अग्रिम करार वा अनुवन्ध करार गर्ने व्यवस्था मिलाउने,

ञ. विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, वालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिममका शोषण) रोकथामको लागि आवश्यक कार्यहरू गर्ने/गराउने,

ट. आपत्कालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल उपचार हुने व्यवस्था मिलाउने,

ठ. विपद्को घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

ड. आवश्यकताअनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग र प्रदेशसँग समन्वय गरी विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिकलगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने/गराउने,

ढ. विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने/गराउने,

ण. सुरक्षा निकाय परिचालन गरी विपद् प्रभावित क्षेत्रमा आवश्यकताअुनसार यातायात तथा मानिसको आवतजावतमा नियन्त्रण गर्ने/गराउने,

त. विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक बस्तु हटाउने वा हटाउन लगाउने,

थ. स्वीकृत विधि र मापदण्डअनुसार विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको मृत शरीर व्यवस्थापन गर्ने/गराउने,

द. आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरूको लागि सुरक्षित आश्रय गृहको व्यवस्था गर्ने/गराउने,

ध. विपद प्रभावित क्षेत्रमा प्रभावितहरूलाई खानेपानी, खाद्यान्न, कपडा, तथा औषधि उपचार जस्ता अत्यावश्यक बस्तुको प्रबन्ध गर्ने/गराउने,

न. विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्ने/गराउने,

प. तोकिएका अन्य काम गर्ने ।

(८) पुनर्लाभ, पुनस्थापना र पुननिर्माणका लागि देहायका कार्यहरू गर्नेः

क. क्षतिको विस्तृत मूल्याङ्कनका साथै पुननिर्माण र पुनर्स्थापनाको लागि आवश्यक साधन श्रोतको मूल्याङ्कन र लागत अनुमान गर्ने/गराउने वा यस्तो कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेश विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

ख. विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्ने र सम्बन्धित कार्यालयहरूलाई राख्न लगाउने,

ग. विपद्को घटनामा भएका क्षतिको विस्तृत विवरण तयार गर्ने/गराउने,

घ. विपद्बाट प्रभावित घर परीवारको पहिचान, प्रभावकोस्तर निर्धारण तथा परिचय-पत्र वितरण गर्ने/गराउने,

ङ. विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

च. कृषि, पशु-पंक्षी पालन, वन, सिंचाई, खानेपानी, सडक, विद्युत, संचार, स्वास्थ्य सेवा, उद्योग, व्यवसाय, जस्ता प्राकृतिक श्रोतहरू तथा आर्थिक, सामाजिक क्षेत्रका पुनर्स्थापना, पुननिर्माणका लागि रणनीति, योजना तयार गरी लागु गर्ने/गराउने,

छ. विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना गर्ने/गराउने,

ज. विपद् प्रभावित क्षेत्रमा प्रभावित समुदायहरूको आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सिर्जना तथा जीवनयापनका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(९) विपद् व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्यका लागि देहायका कार्यहरू गर्ने :-

क. उद्धार तथा राहत कामको प्रगती विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिएबमोजिम अन्य निकायलाई पठाउने,

ख. दफा १५ मा उल्लेख भएबमोजिम सङ्घीय सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको प्रयोग तथा व्यवस्थापनमा सहयोग, समन्वय गर्ने र सो को अभिलेख राख्ने,

ग. विपद व्यवस्थापन सम्बन्धमा प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्न नगरपालिकालाई सहयोग गर्ने,

घ. अन्य महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूसँग आवश्यक समन्वय, सहकार्य गर्न नगरपालिकालाई सहयोग गर्ने,

ङ. विपद् व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले तोकेबमोजिमका अन्य कार्य गर्ने/गराउने,

## परिच्छेद - ३ प्रारम्भिक

वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६. वडा विपद् व्यवस्थापन समितिको गठन:**

(१) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाको प्रत्येक वडामा बढीमा १५ पदाधिकारीहरू रहेको एक वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा विपद् व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| क. | वडा अध्यक्ष | अध्यक्ष |
| ख. | वडा सदस्यहरू | सदस्य |
| ग. | वडामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख वा निजको प्रतिनीधि १/१ जना | सदस्य |
| घ. | नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि | सदस्य |
| ङ. | सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष वा संयोजकहरू मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |

च. गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था, तथा युवा क्लबबाट न्यूनतम १ महिलासहित वडा अध्यक्षबाट मनोनित ३ जना — सदस्य

छ. वडामा खटिएको नगर प्रहरी — सदस्य

ज. सम्बन्धित वडाको वडा सचिब — सदस्य सचिव

**७. वडा विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था :–**

(१) वडा विपद् व्यवस्थापन समितिको बैठक वर्षको कम्तीमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षसँग समन्वय गरी समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूचीसहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले सूचना पाउने गरी पठाउनुपर्नेछ ।

(३) समितिका एकाउन्न प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक बोलाउन सक्नेछ । त्यस्तो अवस्थामा अध्यक्ष र कम्तीमा ४ जना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(६) समितिको निर्णय सकेसम्म सर्वसम्मत् गरिनेछ, सो हुन नसके बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) अध्यक्षले सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ तर, आमन्त्रित सहभागीलाई निर्णयमा मतदान गर्ने अधिकार हुनेछैन ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**नोटः यस दफामा समिति भन्नाले वडा बिपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।**

**८. वडा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–**

क. नगरपालिकाको स्वीकृत नीति तथा योजनाअनुरूपका विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

ख. विपद् व्यवस्थापनसम्बन्धी नगरपालिकाको स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको पालना गर्ने/गराउने,

ग. विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

घ. वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक, तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनीधिलाई विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

ङ. विपद् जोखिममा रहेका घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

च. नगरपालिकाले तयार गर्ने जलवायु तथा विपद् जोखिम पार्श्वचीत्र तयार गर्ने कार्यमा सघाउने र सम्बन्धित वडामा सूचना सङ्कलनको लागि व्यवस्था मिलाउने,

छ. वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने,

ज. वडामा विकास निर्माणका क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापनलाई मूलप्रबाहिकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पताल (स्वास्थ्य चौकी समेत) का लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

झ. विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्य योजना, पुनर्स्थापना तथा पुननिर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने/गराउने,

ञ. समुदायमा विपद् व्यवस्थापनसम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहलाई परिचालन गर्ने/गराउने,

ट. विपद्का घटना हुनासाथ खोज, उद्धार, प्राथमिक उपचारलगायतका राहतका कार्यहरू गर्नको लागि समन्वय गर्ने,

ठ. आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि विपद्को प्रकृतीको आधारमा नमूना अभ्यास गर्ने/गराउने,

ड. विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन, तथा अन्य किसिमको शोषण) रोकथामको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ढ. विपद् पश्चात विपद्मा परेका प्रभावितहरूको पहिचान गरी नगरकार्यपालिकाको निर्णयबमोजिम पुनर्लाभ पुनर्स्थापना र पुननिर्माणसम्बन्धी कार्य गर्ने/गराउने,

ण. नगर विपद् व्यवस्थापन समिति वा नगरपालिकाले तोकेको विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने/गराउने,

सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**९. सुरक्षा निकायको परिचालन, सहयोग र समन्वय :-**

(१) नगरपालिकाले विपद् व्यवस्थापनको काममा संघीय सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भए त्यस्तो सामग्री तत्कालै उपलब्ध गराइनेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले नगर प्रहरीलाई परिचालन गर्नेछ ।

**१०. बारुणयन्त्र, एम्बुलेन्स, डोजर, एक्स्ट्राभेटर तथा अन्य सेवा प्रदायकको काम, कर्तव्य र अधिकार :-**

(१) वारूणयन्त्र, एम्बुलेन्स् तथा त्यस्तै अन्य सेवा प्रदायकले नगर विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको तत्कालै पालना गर्नुपर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा नगर विपद् व्यवस्थापन समितिको आदेशबमोजिम कुनै पनि स्थानमा प्रबेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारूणयन्त्र वा तोकिएको सेवा प्रदायकलाई हुनेछ ।

(३) नगरपालिकाको वारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन नगरपालिकाबाट स्वीकृत कार्यविधि र मापदण्डअनुसार गरिनेछ ।

**११. सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व :-**

(१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

क. आफ्नो भवन, उद्योग, कार्यालय, व्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकासलगायत तोकिएबमोजिमका अन्य आवश्यक सामग्रीहरू व्यवस्था गर्ने,

ख. तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना, पुनर्निर्माणसमेतका कार्यमा सहयोग गर्ने,

ग. आफना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत तालिम, अभ्यास र साधन उपकरणको व्यवस्था गर्ने/गराउने,

घ. विपद् व्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी अवस्थामा राख्ने,

ङ. आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

च. सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने,

छ. विपद् जोखिम न्यूनीकरणका लागि तोकिएको कार्यहरू गर्ने,

ज. फोहरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीविकामा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

झ. विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रलाई खबर गर्ने ।

(२) नगरपालिकाभित्रका सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन वा यस ऐनअन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरूको अधीनमा रही आफ्नो संस्था वा प्रतिष्ठानको विपद् व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नुपर्नेछ ।

**१२. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने :-**

नगरपालिकाभित्रका सरकारी कार्यालय, रेडक्रस, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, व्यवसाय वा व्यक्ति सबैले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहायबमोजिम सहयोग गर्नुपर्नेछ :-

क. तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापना तथा पुनर्निर्माणलगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्ने,

ख. विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

ग. क्षमता विकास, आपत्कालिन नमूना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण, कार्यक्रममा सहयोग गर्ने तथा सहभागी हुने,

घ. विपद्को समयमा खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यमा सहयोग गर्ने ।

ङ. अन्य आवश्यक सहयोग गर्ने ।

# परिच्छेद - ५ प्रारम्भिक

विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

**१३. विपद् व्यवस्थापन कोष :-**

(१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै कोष रहनेछ ।

(२) कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् ।

क. नगरपालिकाको बार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

ख. प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

ग. सङ्घीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

घ. कुनै संघ, संस्था वा व्यक्तिबाट विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिएको दान, दातव्य, उपहार स्वरूप प्राप्त रकम,

ङ. प्रचलित कानूनबमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानूनबमोजिम बिशेष शुल्क वा दस्तुर सङ्कलन गर्न सक्नेछ ।

(४) कोषको सञ्चालन गर्न नगरपालिकाले यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बनाई लागु गर्नुपर्नेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापनसम्बन्धी कामका लागि मात्र प्रयोग गरिनेछ ।

(६) कोषको रकम प्रशासनिक कार्य, अध्ययन वा भ्रमण, तालिम, बैठक आदिको लागि खर्च गरिने छैन । तर, यस उपदफामा लेखिएको व्यहोराले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि तोकिएका सीप विकास तालिम, नमूना घटना अभ्यास गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको बार्षिक आयव्ययको प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

(९) कोषको लेखापालन नगरपालिकाको लेखा हेर्ने अधिकारीबाट हुनेछ ।

(१०) कोषको रकम स्वीकृत योजना तथा कार्यक्रममा कार्यविधिबमोजिम खर्च गर्न सम्बन्धित वडामा पठाउन सकिनेछ ।

## परिच्छेद - ६ प्रारम्भिक

कसुर तथा सजाय

**१४. कसुर र सजाय :-**

(१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाहि गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा अरूलाई हानी पुग्ने किसिमको कुनै काम गरेमा वा सङ्घीय ऐनबमोजिम कसुर जन्य मानिने अन्य कुनै काम गरेमा तत् सम्वन्धी कारवाहि सङ्घीय ऐनबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले तत्काल उक्त कार्य रोक्न, क्षतिपूर्ति भराउन, हर्जाना तिराउन र दण्ड सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई उपदफा (१) र (२) बमोजिमको दण्ड सजायका अतिरिक्त नगरपालिकाले निजलाई नगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधा कटौती गर्न सक्नेछ ।

## परिच्छेद - ७ प्रारम्भिक

विविध

**१५. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :-**

(१) सङ्घीय सरकारले नगरपालिकाभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानूनबमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु/गराउनु सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा सङ्घीय सरकारले प्रचलित कानूनबमोजिम कुनै काम गर्न/गराउन नगरपालिकाभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न/गराउन समितिले आवश्यक समन्वय गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रसम्बन्धी सूचनाको प्रसारणमा समितिले सहयोग र समन्वय गर्नुपर्नेछ ।

**१६. सङ्घीय सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :-**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले सङ्घीय सरकारको स्वीकृति लिई नगरपालिकासँग समन्वय गरेर मात्र प्रवेश गर्न र स्वीकृत गतिविधि मात्र गर्न पाइनेछ ।

(२) उपदफा (१) बमोजिम नागरिक वा संस्थाले सङ्घीय सरकारको स्वीकृति लिएको नदेखिएमा वा स्वीकृत गतिविधिको अलावा अन्य गतिविधि गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ । तत् सम्बन्धी सूचना सङ्घीय सरकारलाई उपलब्ध गराइनेछ ।

**१७. मानवीय तथा अन्य सहायता र समन्वय गर्नुपर्ने :-**

(१) नगरपालिकाभित्र भएको विपद्को सामना गर्ने आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि नगर प्रमुखले तत्काल जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार तथा सङ्घीय सरकारलाई अनुरोध गर्नुपर्नेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा सङ्घीय सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नगरपालिकाले सङ्घीय सरकारको तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गर्नेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकारमार्फत् अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु नगर कार्यपालिकाको दायित्व हुनेछ ।

(४) छिमेकी स्थानीय तह वा अन्य कुनै तहमा बसोबास गर्ने जनताको धनसम्पती, जनजीवनमा प्रतिकूल असर पर्ने गरी वा विपद् जोखिम हुने गरी वा बिद्यमान जोखिम बढ्ने गरी नगरपालिकामा कुनै गतिविधि गर्न पाइने छैन । यस्तो गरेमा दफा १४ बमोजिम कसुर गरेको मानिनेछ ।

**१८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :-**

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा कुनै भौतिक संरचना निर्माण गर्नआवश्यक भएमा र यस ऐनबमोजिम अनुवन्ध करार वा उपयुक्त व्यवस्था अनुरूप तत्काल खरिद वा निर्माण कार्य गर्न गराउन सकिनेछ ।

(२) विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपदबाट थप क्षति हुन नदिनका लागि नगर प्रमुख वा अन्य अख्तियार प्राप्त अधिकारीले नगरपालिकाक्षेत्र भित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न, गराउन सक्नेछ ।

(३) विपद् प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य बस्तु आवश्यक भएमा सो को अभिलेख राखी नगर प्रमुख वा तोकिएको अधिकारीले नियन्त्रणमा लिन र प्रभावितलाई उपलब्ध गर्न/गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नगरपालिकाले कुनै सम्पति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै बस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्तिको सोधभर्ना वा प्रयोग वा बस्तुउपयोग बापत प्रचलित दरअनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिन सकिनेछ ।

**१९. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :-**

(१) विपद् प्रभावित व्यक्तिलाई सङ्घीय सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कार्यविधि वा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछ ।

क. विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी,

ख. विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहतसम्बन्धी,

ग. महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरू (जस्तै :- डिगनिटी किट), महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

घ. व्यक्तिगत गोपनियता तथा सुरक्षासम्बन्धी,

ङ. न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट विपद् प्रभावितको जीविकोपार्जनसम्बन्धी,

च. गैरसरकारी संघ संस्था वा व्यक्तिले दिने राहतको वितरणसम्बन्धी,

छ. एकद्वार प्रणालीअनुरूप राहत वितरण गर्नेसम्बन्धी,

ज. राहतसँग सम्बन्धित अन्य उपयुक्त विषयहरू ।

**२०. विपद्मा परी हराएको वा नष्ट भएका कागजातहरु सम्बन्धमा :–**

विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्णरूपमा क्षति भएका महत्वपूर्ण कागजातहरू को प्रमाणीकरण तथा नगरपालिकामा रहेको रेकर्डअनुसार प्रतिलिपि उपलब्ध गराउनेसम्वन्धी व्यवस्था प्रचलित सङ्घीय कानूनले तोकेबमोजिम हुनेछ ।

**२१. निर्देशन दिन सक्ने :–**

नगर विपद् व्यवस्थापन समितिले यस ऐनको अधिनमा रही विपद व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**२२. उपसमिति गठन गर्न सक्ने:–**

(१) समितिले आवश्यकताअनुसार विभिन्न प्रयोजनका लागि उप समिति गठन गर्न सक्नेछ ।

(२) समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत कार्यसमूह, स्वयंसेवी समुह र टोलीहरूको गठन र परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गठन हुने उप समिति,कार्यसमूह, स्वयंसेवी समुह र टोलीहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले स्वीकृत गरेको कार्य सूचीमा तोकिएबमोजिम हुनेछ ।

**२३. अभिलेख राख्नुपर्ने :–**

(१) समिति वा विपद्को समयमा राहत उपलब्ध गराउने ब्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध भएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) विपद् प्रभावितलाई राहत वितरण गर्दा समितिले राहत पाउने ब्यक्ति, परिवार, निकाय वा संस्थाको नाम र निजले पाएको हरेक राहत सामग्री, सेवा तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण राख्दा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरीक, विपद्का कारण स्थानान्तरण भएका घरपरिवारलगायतको सङ्ख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहतको विवरण स्पस्ट रूपमा राख्नुपर्नेछ ।

**२४. पुरस्कार दिन सक्ने :-**

नगरपालिकामा विपद् व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२५. वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने :-**

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका मार्फत् नगर सभा तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्नेछ ।

**२६. प्रशासनिक खर्च व्यवस्थापन :-**

ऐनमा तोकिएको काम गर्न समिति वा उपसमितिलाई आवश्यक पर्ने कर्मचारी, प्रशासनिक र सञ्चालन खर्च नगर कार्यपालिकाले व्यवस्था गरेवमोजिम हुनेछ ।

**२७. अधिकार प्रत्यायोजन :-**

समितिले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिको अध्यक्ष वा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२८. नियम बनाउने अधिकार :-**

नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**आज्ञाले**
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मितिः** २०७७/१०/२१